**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २१२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ साउन ३१ गते आइतबार ❑ 16 Aug. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## कांग्रेस संस्थापन पक्षइतर भेलामा विभिन्न पाँच प्रतिवेदनमाथि छलफल

**रासस**
काठमाडौं, ३० साउन

नेपाली कांग्रेसको संस्थापन पक्षइतर राष्ट्रिय भेलामा विभिन्न पाँच प्रतिवेदनमाथि छलफल भएको छ।

शुक्रबारदेखि यहाँ सुरु भएको तीनदिने भेलामा शनिबारशीर्ष नेताहरू विमलेन्द्र निधिले राजनीतिक, डा प्रकाशशरण महतले आर्थिक, एनपी साउदले समसामयिक, रमेश लेखकले कानुन तथा विधान र उमाकान्त चौधरीले साङ्गठनिकसम्बन्धी प्रस्ताव प्रस्तुत गर्नुभएको थियो।

नेता निधिले शनिबार आफ्नो प्रतिवेदन पेस गर्दै भेलालाई विधानअनुसार बनाउन सम्मेलनमा परिणत गर्नका लागि प्रस्ताव गर्नुभएको थियो । प्रचारप्रसार समिति संयोजक मीन विश्वकर्माका अनुसार सबै प्रतिवेदनमाथि प्रदेशगत रूपमा छलफल भएको थियो। प्रदेशगत धारणा र प्रस्तुति जारी रहेकाले बाँकी भोलिको सम्मेलनमा छलफल हुने र भोलि नै समापन हुने तालिका रहेको छ। पार्टीका पूर्वमहामन्त्री एवं भेलाका संयोजक डा शशांक कोइरालाको अध्यक्षतामा भएको भेलाको शुक्रबार निवर्तमान सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले उद्घाटन गर्नुभएको थियो। पूर्वप्रधानमन्त्री देउवा स्वास्थ्य उपचार सकेर पाँच महिनापछि बिहीबार मात्रै स्वदेश फर्कनुभएको थियो । कांग्रेसको गत पुस २७ देखि ३० गतेसम्ममा भएको विशेष महाधिवेशनले तत्कालीन महामन्त्री गगनकुमार थापालाई सभापतिमा चयन गर्दै नयाँ केन्द्रीय कार्यसमिति चयन गरेको थियो। विशेष महाधिवेशनमा सहभागी नभएको तत्कालीन संस्थापन पक्षले विशेष महाधिवेशन अवैध भन्दै निर्वाचन आयोगमा उजुरी दिएको थियो।

आयोगले विशेष महाधिवेशनबाट निर्वाचित समितिलाई मान्यता दिएपछि असन्तुष्ट पक्ष सर्वोच्च अदालत पुगेको थियो। सर्वोच्च अदालतले पनि आयोगको निर्णयलाई नै मान्यता दिएको थियो । त्यसपछि भने असन्तुष्ट पक्षले पुनरावलोकनका लागि दिएको आधिकारिताको निवेदनमाथि पुनःसुनुवाइ गर्दै सर्वोच्च अदालतको पूर्ण इजलासले यही साउन २१ गते निस्सा दिएको छ।

## पोखराको विजयपुर खोलाले बगाएर दुई बालक बेपत्ता

**पोखरापत्र संवाददाता**
पोखरा, ३० साउन

पोखरामा शनिबार दिउँसो विजयपुर खोलाले बगाएर दुई बालक बेपत्ता भएका छन्।

पोखरा-१४ को विजयबस्तीबाट विजयपुर खोला तरी पोखरा-२६ सक्नेरीतर्फ आउने क्रममा भगवती हाइड्रो पावर नजिक बेपत्ता हुनेमा स्याङ्जाको बिरुवा गाउँपालिका-७ घर भई हाल पोखरा-१४ छिनेडाँडा बस्ने चन्द्रबहादुर गुरुङको छोरा १४ वर्षीय निकसन गुरुङ र खोटाङ स्थायी घर भई हाल पोखरा-१४ चाउथे बस्ने सुवास राईको १५ वर्षीय छोरा ओमन राई रहेको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जानकारी दिनुभयो।

उहाँका अनुसार बालकको खोजीका लागि विजयपुर खोलाको दुवैतर्फ प्रहरी परिचालन गरिए पनि फेला पार्न सकिएको छैन । "विजयपुर नहरको पानी बन्द गरेरसमेत बगाएका बालकको खोजी गरिरहे पनि केही फेला पार्न सकेका छैनौं, खोजतलास भइरहेको छ", सहायक प्रजिअ बरालले भन्नुभयो।

पोखरा-१४ को विजयबस्तीबाट विजयपुर खोला तरेर पोखरा-२६ सक्नेरीतर्फ जाने क्रममा भगवती हाइड्रो पावर नजिक उनीहरूलाई दिउँसो १:०० बजेतिर खोलाले बगाएको थियो । घटनाको सूचनालगत्तै जिल्ला प्रहरी कार्यालय, इलाका प्रहरी कार्यालय शिशुवा, वडा प्रहरी कार्यालय रामबजारबाट प्रहरी खोजीमा खटिएका छन्।

यसैगरी, सशस्त्र प्रहरी बेसक्याम्प कुँडहरबाट खोताखोरसहित नौ जनाको टोली खोजी र उद्धारका लागि परिचालन गरिएको जिल्ला प्रहरी कार्यालय कास्कीले जनाएको छ।

## मुस्ताङमा आठ मालबाहक कन्टेनर प्रहरी नियन्त्रणमा

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ३० साउन

नेपाल-चीन उत्तरी कोरला नाकादेखि लोमान्थाङ हुँदै अवैध मालवस्तु ओसार/पोसार गरेको आशङ्कामा जिल्ला प्रहरी कार्यालय मुस्ताङले शनिबारआठ वटा मालबाहक कन्टेनर नियन्त्रणमा लिएको छ।

जिल्ला प्रहरी कार्यालय मुस्ताङले सदरमुकाम जोमसोमसहित जोमसोम/कोरला सडकको विभिन्न स्थानबाट कोरला नाकाबाट शङ्कास्पद रूपमा मालवस्तु ओसारपोसार गरेको भन्ने गोप्य सूचनाका आधारमा उक्त कन्टेनरहरू नियन्त्रणमा लिएको जनाएको हो।

जिल्ला प्रहरी कार्यालय मुस्ताङबाट खटिएको प्रहरी टोलीले आठ कन्टेनरहरूलाई अलग/अलग स्थानमा नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय मुस्ताङका सूचना अधिकारी एवं प्रहरी निरीक्षक सन्तोष बस्यालले जानकारी दिनुभयो। कोरलादेखि मालवस्तु लोड गरी भन्सार कार्यालयतर्फ झर्दै गरेका मालबाहक कन्टेनरहरूको कागजपत्र तथा सो धपुछ गर्ने क्रममा उक्त कन्टेनरहरू भन्सार यार्डमा जाँच नगरी सिधैँ सिल लगाइ ल्याइएको प्रहरीको विवरणमा उल्लेख गरिएको छ।

प्रहरी निरीक्षक बस्यालका अनुसार मनसुनका कारण विपद् जोखिम न्यूनीकरणको लागि कोरला सडकमा रातिको समयमा सवारीसाधन चलाउन निषेध गरिएको अवस्थामा नियम विपरीत शङ्कास्पद तबरले नियम विपरीत हुने गरी लुकाइछिपाइ चलाउँदै आउँदै गरेको पाइएकाले उक्त कन्टेनरहरू नियन्त्रणमा लिनुपरेको जनाइएको छ ।कोरला नाकादेखि भन्सार यार्डमा जाँच नगरी सिधैँ सिल लगाएर मालवस्तु लिएर जोमसोमतर्फ आउँदै गरेको बा प्र ०१–००५ ख २२४५, बा प्र ०१–००६ ख ६२७३, ना ३ ख ७१६०, ना ६ ख ४७४१, को १ ख ५६९६, बा प्र ०१–००६ ख २२४८, ना ६ ख २०२२ र बा प्र ०१–००६ ख ६६११ नम्बरको मालबाहक कन्टेनर जिल्ला प्रहरी कार्यालय मुस्ताङले नियन्त्रणमा लिएको जनाएको छ । प्रहरी निरीक्षक सन्तोष बस्यालका अनुसार नियन्त्रणमा लिएका मालवस्तुबाहक कन्टेनरहरू अवैध मालवस्तुहरू हुनसक्ने बलियो शङ्का देखिएकाले उक्त कन्टेनरहरूलाई नियन्त्रणमा लिएर आवश्यक कारबाहीको लागि मुस्ताङबाट प्रहरी सहायक निरीक्षकको कमाण्डमा १० जनाको सुरक्षा टोलीले राजस्व अनुसन्धान विभाग हरिहर भवन ललितपुर पठाइसकेको जनाइएको छ । नेपाल-चीन उत्तरी कोरला नाका गतवर्षको भदौ ३१ गते पूर्णरूपमा सञ्चालनमा आएयता पटकपटक अवैध रूपमा ओसारपोसार गने मालबाहक कन्टेनरहरूलाई नियन्त्रणमा लिएर कारबाही चलाइ सकिएको छ।

सीमा नाका कोरला नाकाबाट पटकपटक हुने अवैध सामान बरामदले राजस्व छली गर्ने गिरोहहरू सक्रिय हुन थालेको आकलन गरिएको छ।

आव २०८२/८३ को पुस ९ गते कोरला नाकाबाट भित्रिएका दुई करोड २४ लाख मूल्य बराबरको अवैध विद्युतीय चुरोट भेप बरामद गरिएको थियो । आव २०८२/८३ को जेठ २ गते पनि कोरला नाकाबाट शङ्कास्पद रूपमा लुकाइछिपाइ भन्सार ल्याएका २० हजार थान विद्युतीय चुरोट भेप सुरक्षा निकायले नियन्त्रणमा लिएको थियो।

## निर्वाचन क्षेत्रका नागरिकका समस्या बुझ्दै गृहमन्त्री

**पोखरापत्र संवाददाता**
गोरखा, ३० साउन

गृहमन्त्री सुधन गुरुङ नागरिकका समस्या र गुनासा बुझ्न यतिबेला गृहजिल्ला गोरखामा हुनुहुन्छ।

आफ्नो निर्वाचन क्षेत्र गोरखा-१ का नागरिकका घरदैलोमा पुगी उहाँले स्थानीयस्तरमा भइरहेका विकास गतिविधि, सार्वजनिक सेवा प्रवाहलगायत विषयमा छलफल गर्नुभएको हो।

शुक्रबार गोरखा आइपुग्नुभएका गृहमन्त्री गुरुङले विकास आयोजनाको अनुगमनसहित जिल्लाको सुरक्षा अवस्थाबारे जानकारी लिनुभएको प्रमुख जिल्ला अधिकारी तुलसीबहादुर श्रेष्ठले बताउनुभयो। "गृहमन्त्रीको कुनै औपचारिक कार्यक्रम छैन, निर्वाचन क्षेत्र भ्रमणका सिलसिलामा आउनुभएको हो", उहाँले भन्नुभयो, "नागरिकसँग प्रत्यक्ष भेटघाट र संवाद गरिरहनुभएको छ।"

शनिबार भीमसेन थापा गाउँपालिकाका स्थानीयवासीले सुकुमवासी व्यवस्थापन, नदी डुबानको समस्यालगायत विषय उठाएका थिए। गृहमन्त्री गुरुङले स्थानीयवासीका समस्या र गुनासा समाधानका लागि पहल लिने प्रतिबद्धता जनाउनुभएको थियो। सडक पूर्वाधार, खानेपानी, विद्युत्, सुरक्षा, रासायनिक मल अभाव, विपद् व्यवस्थापन, सार्वजनिक सेवा प्रवाहलगायत विषयमा गृहमन्त्री गुरुङ र स्थानीयवासीबीच छलफल भएको थियो।

भेटघाटका क्रममा उहाँले नागरिकले भोग्दै आएका समस्या पहिचान गरी सम्बन्धित निकार्यमार्फत यथाशक्य छिटो समाधान गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो। गृहमन्त्री गुरुङले शान्ति सुव्यवस्था कायम गर्दै राज्यका सेवासुविधा छिटो, छरितो र पारदर्शी ढङ्गले नागरिकसम्म पुऱ्याइने बताउनुभयो । गृहमन्त्री गुरुङ आइतबारसम्म आफ्नो निर्वाचन क्षेत्रमा रहने जनाइएको छ।

## कास्कीका दुग्ध उत्पादक किसानलाई अनुदान

**पोखरापत्र संवाददाता**
पोखरा, ३० साउन

गत आर्थिक वर्षमा सञ्चालित दूध उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रममार्फत कास्कीका किसानलाई रु दुई करोड २० लाख प्रोत्साहन अनुदान वितरण गरिएको छ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयका अनुसार उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमअन्तर्गत गत आर्थिक वर्षमा ४४ लाख लिटर दूध उत्पादन गर्ने लक्ष्य राखिएकामा लक्ष्यअनुसारनै उत्पादन भएको थियो । उक्त परिमाणमा दूध उत्पादन गरेबापत किसानलाई प्रतिलिटर रु पाँचका दरले सहकारी संस्थामार्फत प्रोत्साहन सहयोग उपलब्ध गराइएको कार्यालयका प्रमुख डा गृष्म न्यौपानेले जानकारी दिनुभयो । उहाँका अनुसार दूध उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमका लागि रु दुई करोड २० लाख बजेट विनियोजन गरिएकामा विनियोजित सम्पूर्ण रकम खर्च भई वित्तीय सतप्रतिशत हासिल भएको छ। "कार्यक्रमको मुख्य उद्देश्य किसानलाई दूध उत्पादन तथा औपचारिक बजारमा आबद्ध हुन प्रोत्साहित गर्नु हो। यसबाट सरकारले प्रदान गर्ने अनुदान कृषकले प्रत्यक्ष रूपमा प्राप्त गरेका छन्। उत्पादनका आधारमा प्रदान गरिएको अनुदानले व्यावसायिक पशुपालनमा सहयोग पुगेको छ", कार्यालय प्रमुख न्यौपानेले भन्नुभयो । कास्कीमा २७ वटा दूध सङ्कलन संस्था/केन्द्रमार्फत वार्षिक ६९ लाख २३ हजार ७०० लिटर दूध सङ्कलन भएको विवरणमा उल्लेख छ । साथै आठ हजार ५० जना किसान दूध सङ्कलन प्रणालीमा आबद्ध रहेका कार्यालयले जनाएको छ । कार्यालयले दूध उत्पादन बढाउन किसानलाई प्रतिलिटरका आधारमा प्रोत्साहन दिने कार्यक्रमले उत्पादनलाई औपचारिक बजारसँग जोड्न सहयोग पुगेको जनाएको छ । उत्पादनमा आधारित अनुदानसँगै पाडीबाच्छी हुर्काउने प्रोत्साहन कार्यक्रमलाई पनि पशुपालन क्षेत्रको उत्पादन वृद्धि गने महत्वपूर्ण कार्यक्रमका रूपमा अघि बढाइएको छ। यसैगरी पाडीबाच्छी हुर्काउने प्रोत्साहन कार्यक्रमअन्तर्गत गत आर्थिक वर्ष ३५० वटाको लक्ष्य राखिएकोमा ४५४ वटा पाडीबाच्छी हुर्काइएको थियो। यस कार्यक्रमका लागि रु ३५ लाख बजेट विनियोजन भएको थियो । कार्यालयका प्रमुख डा न्यौपानेका अनुसार यस कार्यक्रमबाट यस वर्ष करिब १२ लाख लिटर अतिरिक्त दूध उत्पादन हुने अपेक्षा गरिएको छ । करिब ९९ कोरली पाडी र ३५५ कोरली बाच्छी हुर्किइ माउ बन्न योग्य भएका उहाँले जानकारी दिनुभयो । कार्यालयले चालु आर्थिक वर्ष २०८३/८४ मा पनि दूध उत्पादन प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिएको छ। जिल्लामा गाई तथा भैँसीपालनमा आबद्ध परिवारको सङ्ख्या उल्लेख्य रहेको र दूध उत्पादन पशुपालन क्षेत्रको प्रमुख व्यवसायका रूपमा रहेकाले किसानलाई प्रोत्साहन गरी दूध उत्पादनमा आत्मनिर्भर बनाउन यो कार्यक्रम सञ्चालन गरिएको प्रमुख न्यौपानेले बताउनुभयो। जिल्लामा पशुपालन गर्ने परिवारको सङ्ख्या ५२ हजार ३२३ रहेका कार्यालयका सूचना अधिकारी सहदेव पौडेलले जानकारी दिनुभयो ।


## मुक्तिनाथमा भेटीको थुप्रो, पाँच बैंक खातामा ११ करोड ७६ लाख

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ३० साउन

मुस्ताङको प्रसिद्ध तीर्थस्थल मुक्तिनाथमा भक्तजनले चढाएको भेटीको थुप्रो लागेको छ।

गत असार मसान्तसम्ममा मन्दिरको आम्दानी सञ्चय गरिएको मुक्तिनाथ विकास समितिका पाँचवटा बैंक खातामा रु ११ करोड ७६ लाख ३१ हजार ५०० मौज्दात रहेको छ।

समितिका व्यवस्थापक दिनेश भुसालका अनुसार कृषि विकास बैंकमा रु सात करोड १६ लाख ३२ हजार, सांग्रिला बैंकमा रु तीन करोड ९२ लाख ९५ हजार, प्रभु बैंकमा रु ५५ लाख ६४ हजार, नेपाल बैंकमा रु ११ लाख २३ हजार र माछापुच्छ्रे बैंकमा रु १७ हजार ५०० मौज्दात छ।



# सहारा एकेडेमीको सहयोगार्थ 'समर हाइकिङ फर च्यारिटी' कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, ३० साउन

पोखरा महानगरपालिका-९ को समन्वय तथा सहारा क्लब पोखराको आयोजनामा सहारा फुटबल एकेडेमीको सहयोगार्थ शनिबार पोखरामा आयोजना गरिएको 'समर हाइकिङ फर च्यारिटी-२०८३' कार्यक्रम सम्पन्न भएको छ । पोखरा-९ स्थित महेन्द्रपुल (फल्चा) बाट सुरु भएको उक्त हाइकिङमा २ सय १५ जनाको सहभागिता रहेको क्लबले जनाएको छ।

उक्त हाइकिङ रानीपौवा, चापापानीचोक हुँदै पर्यटकीय गाउँ काहुँडाँडामा पुगेर समापन भएको थियो। हाइकिङको उद्घाटन पोखरा महानगरपालिका-९ का वडाध्यक्ष दीपेन्द्र मर्सानीले रिबन काटेर गर्नुभएको थियो । काहुँडाँडामा आयोजित समापन समारोहमा बोल्दै वडाध्यक्ष मर्सानीले सहारा क्लबले गर्दै आएको सामाजिक सेवाको पवित्र अभियानमा सहकार्य गर्न पाउनु खुसीको विषय भएको बताउनुभयो। सहारा क्लबले कठिन परिस्थिति र विपन्न परिवारका बालकलाई लक्षित गरी सञ्चालन गर्दै आएको सहारा फुटबल एकेडेमीको सहयोगार्थ हाइकिङ आयोजना गरिएको उल्लेख गर्दै उहाँले कार्यक्रमका लागि वडा कार्यालयले समेत सहयोग गरेको बताउनुभयो। सूर्यबहादुर केसी मेमोरियल स्मृति सहारा एकेडेमीमा हाल विभिन्न १६ जिल्लाका ३० जना बालकले फुटबल प्रशिक्षणसँगै उच्च शिक्षा हासिल गरिरहेका छन् । उनीहरूको फुटबल प्रशिक्षण, शिक्षा तथा



दैनिक व्यवस्थापनमा सहयोग पुऱ्याउने उद्देश्यले आयोजना गरिएको हाइकिङमा सहभागीले बगाएको पसिनाबाट संकलित रकम एकेडेमीको खर्च व्यवस्थापनमा उपयोग हुने वडाध्यक्ष मर्सानीले बताउनुभयो।

स्वास्थ्य, पर्यटन र सामाजिक सेवाको सन्देश एकैसाथ प्रवाह गर्ने उद्देश्यले गरिएको कार्यक्रमले सकारात्मक सन्देश दिएको उहाँको भनाइ थियो । सहारा क्लबका सल्लाहकार दीपेन्द्र श्रेष्ठले क्लब हाल आफ्नो पुरानो कार्यालय नभएको अवस्थामा एकेडेमीबाटै सञ्चालन भइरहेको र एकेडेमी सञ्चालन तथा व्यवस्थापनमा विभिन्न चुनौती रहेको बताउनुभयो । सहारा एकेडेमीलाई निरन्तर सञ्चालन गर्न यस्ता सामाजिक अभियानमा सबै क्षेत्रको साथ र सहयोग आवश्यक रहेको उहाँले बताउनुभयो । कार्यक्रममा मुस्ताङको घरपझोङ गाउँपालिकाका अध्यक्ष मोहनसिंह लालचन, बुद्ध एयरका पोखरा स्टेशन म्यानेजर गौतम बराल, पोखराका अन्य वडाध्यक्ष, जनप्रतिनिधिहरु, पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्की, सहारा क्लबका पूर्वअध्यक्षहरु, सल्लाहकार तथा मानार्थ सदस्यहरू, सहारा एकेडेमीका बालक, हाइकर्स क्लब नेपाल, लुम्बिनी विकास बैंक न्यूरोड शाखाका प्रमुख महेन्द्र थापा, बैंकका लेकसाइड शाखाका प्रमुख प्रकाश पहारी, एन्फा कास्की, जिल्ला खेलकुद विकास समिति कास्की, कालिका माध्यमिक विद्यालय लगायत विभिन्न संघसंस्था, खेलकुदकर्मी तथा क्लबका शुभेच्छुकहरूको सहभागिता रहेको कार्यक्रम संयोजक पूर्णबहादुर गुरुङले जानकारी दिनुभयो।

हाइकिङमा सहभागी हुन प्रतिव्यक्ति १ हजार ५ सय रुपैयाँ शुल्क निर्धारण गरिएको थियो । सहभागीलाई शुल्कमा टी-सर्ट, खाजा र खाना उपलब्ध गराइएको थियो । कार्यक्रमबाट संकलित रकम सहारा एकेडेमीको सहयोगमा प्रयोग गरिने क्लबले जनाएको छ । अभियानमा पोखरा महानगरपालिका-९, तमुधीं यूके, कास्की जिल्ला फुटबल संघ (एन्फा), सहारा यूकेका पूर्वअध्यक्ष एमबीई दिपीलकुमार गुरुङ, सहारा यूकेका निवर्तमान अध्यक्ष कृष्णकुमार गुरुङ, सहारा यू.के.,क्लबका आजीवन सदस्य मनोज गुरुङ, मानार्थ सदस्य मुछेन्द्र गुरुङ, मनार्थ सदस्य लोकबहादुर गुरुङ, सदस्य एवं सहारा युकेका सल्लाहाकार चन्द्रबहादुर गुरुङ, सहारा हङकङका संस्थापक अध्यक्ष दीपक गुरुङ, सहारा हङकङका अध्यक्ष सरोज गुरुङ (खम), खेलकुदकर्मी नारायण गुरुङ, जयप्रकाश गुरुङ, सौन्दयकर्मी वविता केसी लगायतले सहयोग गर्नुभएको थियो।

सहारा क्लब पोखराले लामो समयदेखि सामाजिक सेवाका विभिन्न गतिविधिसँगै सहारा फुटबल एकेडेमी सञ्चालन गर्दै आएको छ । एकेडेमीमा कठिन परिस्थिति तथा विपन्न परिवारका बालकलाई आवासीय सुविधासहित फुटबल प्रशिक्षण र शिक्षाको अवसर प्रदान गरिँदै आएको छ। क्लबले आहा ! रारा पोखरा गोल्डकपसमेत सञ्चालन गर्दै आएको छ । स्वास्थ्यलाई प्राथमिकता दिँदै प्रकृतिसँग रमाउने, पोखराका प्राकृतिक तथा पर्यटकीय क्षेत्रको प्रवर्द्धन गने र सामाजिक सेवामा नागरिकको सहभागिता बढाउने उद्देश्यले गरिएको हाइकिङले सहारा एकेडेमीको निरन्तर सहयोगका लागि सकारात्मक वातावरण निर्माण गरेको आयोजकले जनाएको छ।

# गौंडाकोमुख टोल विकास संस्थाको १७औँ साधारण सभा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ३० साउन

पोखरा महानगरपालिका वडा न १३ स्थित गौडाकोमुख टोल विकास संस्थाको १७औँ साधारण सभा विविध कार्यक्रमका साथ शनिवार सम्पन्न भयो । सामाजिक एकता, आपसी सद्भाव र सामुदायिक विकासलाई थप सुदृढ बनाउने उद्देश्यका साथ आयोजित कार्यक्रममा टोलवासी, जनप्रतिनिधि तथा विभिन्न संघ-संस्थाका प्रतिनिधिहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

संस्थाका सचिव कृष्णराज पौडेलले सञ्चालन गरेको कार्यक्रममा संस्थाका अध्यक्ष क्याप्टेन श्रीकृष्ण घलेले सभाको अध्यक्षता गरेका थिए भने पोखरा महानगरपालिका वडा नं. १३ का अध्यक्ष किरण बराल प्रमुख अतिथिका रूपमा उपस्थित थिए।

कार्यक्रमको प्रारम्भमा संस्थाका उपाध्यक्ष कृतिबहादुर खत्रीले स्वागत मन्तव्य राख्दै टोल विकासमा सबैको साझा सहभागिता आवश्यक रहेको बताए। त्यसपछि सचिव कृष्णराज पौडेलले वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्दै संस्थाले वर्षभरि सञ्चालन गरेका गतिविधिबारे जानकारी गराए । यस्तै, कोषाध्यक्ष क्याप्टेन एसबहादुर गुरुङले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । कार्यक्रममा छिमेकी टोल विकास संस्थाको प्रतिनिधित्व गर्दै संगम टोल विकास संस्थाका विष्णु गुरुङले




शुभकामना मन्तव्य व्यक्त गरेका थिए । निवर्तमान अध्यक्ष इ. मानकाजी गुरुङले संस्थाको विगतदेखि वर्तमानसम्मको यात्राबारे चर्चा गर्दै टोलको समग्र विकासमा सबैको सहकार्य आवश्यक रहेको धारणा राखे । त्यसैगरी, संस्थाका सल्लाहकारहरूको तर्फबाट यमबहादुर गुरुङले आफ्नो मन्तव्य राख्दै टोल विकास संस्थाले सामाजिक रूपान्तरणमा खेलेको भूमिकाको प्रशंसा गरे।

साधारण सभाको विशेष आकर्षणका रूपमा विभिन्न सांस्कृतिक नृत्य प्रस्तुत गरिएको थियो । साथै, समाज निर्माणमा योगदान पुऱ्याएका ज्येष्ठ नागरिकलाई सम्मान गरिएको थियो भने एसईई उत्तीर्ण विद्यार्थीहरूलाई समेत सम्मानपत्र प्रदान गरिएको थियो। कार्यक्रममा गौडाकोमुख निवासी सृष्टि ढेवाजूलाइ दोहा, कतारमा आयोजित एथलेटिक्स प्रतियोगितामा सहभागिता जनाएकोमा विशेष सम्मान गरिएको थियो । स्थानीय खेल प्रतिभालाई सम्मान गर्दै आगामी दिनमा पनि यस्ता प्रतिभालाई प्रोत्साहन गरिने संस्थाले जनाएको छ । प्रमुख अतिथि किरण बरालले आफ्नो मन्तव्यमा टोल विकास संस्था समुदायको मेरुदण्ड भएको उल्लेख गर्दै स्थानीय विकास, शिक्षा, खेलकुद र सामाजिक एकताका क्षेत्रमा संस्थाले खेलेको भूमिका प्रशंसनीय रहेको बताए।

कार्यक्रमको अन्त्यमा अध्यक्ष क्याप्टेन श्रीकृष्ण घलेले सहभागी सबैप्रति आभार व्यक्त गर्दै टोलको समृद्धि, सामाजिक सद्भाव र विकासका लागि आगामी दिनमा पनि संस्थाले सक्रिय रूपमा काम गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए।


## सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

◆सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
◆विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
◆आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
◆सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
◆चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
◆अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
◆संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
◆समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं ।

सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार

नेपाल सरकार
विज्ञापन बोर्ड


# बुद्ध विशाल बजार व्यापारिक एसोसिएसनको २८ औ साधारणसभा

**पोखरापत्र संवाददाता**
पोखरा, ३० साउन

पोखरा/बुद्ध विशाल बजार व्यापारिक एसोसियसनको २८ औ साधारणसभा सम्पन्न भएको छ।

एसोसियसनको साधारणसभाको उद्धाटन गदै प्रमुख अतिथि गण्डकी प्रदेशसका सामाजिक विकास तथा युवा, खेलकुद मन्त्री रेखा गुरूङले ब्यवसायीले आफ्नो ब्यवसायलाई सबल र सुदृढ गर्ने सकेमा देशको आर्थिक विकासमा सहयोग पुग्ने बताउदै अहिलेको समयमा ग्राहक र ब्यवसायीबीच सम्बन्ध सुमधुर हुनुपर्ने बताउइन् । मन्त्री गुरूङले एस प्रदेशको आर्थिक गतिविधिमा बुद्ध विशाल बजारको ठूलो योगदान रहेको समेत बताईन् ।

पोखरा ४ का वडा अध्यक्ष




देवकृष्ण पराजुलीले आफू सधैं व्यवसायीको साथमा रहेको बताउँदै व्यवसायीहरूले पनि महानगरपालिकासँग समन्वय गरेर अघि बढ्न आग्रह गरे ।

पोखरा उधोग वाणिज्य संघका अध्यक्ष गोर्कण कार्कीले आफ्नो कार्याकालको आफू अन्तिम समयमा आएको बताउदै आगामी भदौ २०,२१ गते हुन लागेको पोखरा उधोग वाणिज्य संघको अधिवेशनमा काम गर्न सक्ने, सक्षय नेत्रित्व चयन गर्न र एशोसियसनका उपाध्यक्ष मनोहरि पौडेललाई पोखरा उधोग वाणिज्य संघको आगामी अधिवेशनमा अत्यधिक मतका साथ कार्यसमिति सदस्यमा विजयी गराईदिनुनहुन समेत आग्रह गरे ।

एसोसियसनका पूर्व अध्यक्ष एव मानार्थ सदस्य केशव बहादुर खत्रीले व्यवसाय नविकरण र नयाँ व्यवसायीको ब्यवसाय दर्ता गर्ने प्रक्रिया सहज रूपमा गर्ने वातावरण बनाउन स्थानीय सरकारलाई आग्रह गरे । एशोसियसनका पूर्व अध्यक्ष प्रजन कुमार थापाले व्यवसायीहरु बिच एक आपसमा समन्वय गरी अगाडी बढ्न सके मात्र व्यवसायीहरुको व्यवसाय प्रवर्धनमा सहयोग पुग्ने विचार व्यक्त गरे ।

संस्थाका अध्यक्ष बुद्दी बहादुर कुँवरको अध्यक्षतामा भएको कार्यक्रममा सर्वेश्वर व्यवसायी समितिका अध्यक्ष छविलाल गौतम एसोसियसनका उपाध्यक्ष मनोहरि पौडेल महासचिव थमनसिह गुरूङ सचिव शान्ति श्रेष्ठ जोशी कोषाध्यक्ष गोविन्द दाहाल लगायतले बोलेका थिए।

सभामा एसोसिएसनका पुराना व्यवसायीहरू एसोसिएसनमा आबद्ध व्यवसायीका छोराछोरीमध्ये प्लस टु,स्नातक, स्नातकोत्तरमा उत्कृष्ट अंक ल्याउने व्यवसायीका छोराछोरी तथा एशोसियसनका नयाँ सदस्यहरू, एशोसियसनबाट विभिन्न ठाउमा प्रतिनिधित्व गने सदस्यहरू लगाएतलाई सम्मान तथा स्वागत गरिएको थियो।

# गण्डकीमा अनलाइनबाटै प्रसारण संस्थाको दर्ता र नवीकरण

**पोखरापत्र संवाददाता**
पोखरा, ३० साउन

प्रेस रजिष्ट्रारको कार्यालय, गण्डकीले अनलाइनबाट प्रसारण संस्थाको दर्ता तथा नवीकरण सेवा सुरु गरेको छ।

अनलाइनबाट नवीकरण गरिएका रेडियो र टेलिभिजनलाई शुक्रबार पहिलोपटक प्रदेशबाटै नवीकरण प्रमाणपत्र प्रदान गरिएको हो।

योसँगै गण्डकी प्रदेशभित्र सञ्चालित प्रसारण संस्थाको इजाजतपत्र नवीकरणका लागि काठमाडौँ जानुपर्ने बाध्यता हटेको प्रेस रजिष्ट्रार विमला भण्डारीले बताउनुभयो । प्रेस रजिष्ट्रारको कार्यालयले छुट्टै सफ्टवेयर विकास गरी रेडियो र टेलिभिजनको अनलाइन दर्ता तथा नवीकरण सेवा सुरु गरेको उहाँको भनाइ छ। "प्रसारण संस्था नवीकरणको प्रमाणपत्र पनि अनलाइनबाटै उपलब्ध हुन्छ, कार्यालयबाट पनि प्रमाणपत्र लिन सकिन्छ", रजिष्ट्रार भण्डारीले भन्नुभयो, "अनलाइन सेवाले रेडियो टेलिभिजनको दर्ता र नवीकरणका लागि समय र खर्चको बचतसँगै प्रशासनिक झण्झट पनि कम हुनेछ।" प्रेस रजिष्ट्रार भण्डारीले प्रसारण संस्थाको इजाजत पत्रको नवीकरणका लागि कार्यालयमा सम्पर्क गर्न र राजस्व पनि प्रदेशमै बुझाउन आग्रह गर्नुभयो । उहाँले अनलाइन सञ्चारमाध्यमको दर्ता तथा नवीकरण पनि प्रदेशबाटै हुने नीतिगत व्यवस्थाका लागि प्रदेश समस्या समाधान समितिको बैठकमार्फत सङ्घ सरकारसमक्ष अनुरोध गरिएको बताउनुभयो।

# नि:शुल्क स्वास्थ्य परीक्षण कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, ३० साउन

नेपाल प्रहरी श्रीमती संघको ४२ औँ वार्षिकोत्सवको अवसरमा नेपाल प्रहरी श्रीमती संघ गण्डकी प्रदेश, पोखराको आयोजनामा महिला प्रहरी कर्मचारी तथा प्रहरी कर्मचारीका परिवारलाई लक्षित गरी स्तन क्यान्सर तथा स्त्री रोग सम्बन्धी नि:शुल्क स्वास्थ्य परीक्षण कार्यक्रम सम्पन्न भएको छ।

गण्डकी प्रदेश प्रहरी अस्पताल, पोखराको प्राङ्गणमा आयोजित उक्त कार्यक्रममा महिलामा हुने स्तन तथा पाठेघरको




क्यान्सर लगायतका स्त्री रोग सम्बन्धी स्वास्थ्य परीक्षण तथा आवश्यक स्वास्थ्य परामर्श प्रदान गरिएको थियो । गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराका प्रमुख प्रहरी नायव महानिरीक्षक दिपेन्द्र जी.सीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको उक्त कार्यक्रममा नेपाल प्रहरी श्रीमती संघ गण्डकी प्रदेश पोखराकी अध्यक्ष श्रीमती संगिता थापा क्षेत्री, महिला क्यान्सर रोग विशेषज्ञ डा.बानिरा कार्की,श्री सैनिक अस्पताल पोखराकी महासेनानी डा.रोजी मल्ल, गण्डकी प्रदेश प्रहरी अस्पताल,पोखराकी प्रमुख प्राविधिक प्रहरी वरिष्ठ उपरीक्षक संज्ञा मल्ल,नेपाल प्रहरी प्रदेश कार्यालय पोखराका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक श्याम कृष्ण अधिकारी, गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराका प्रहरी वरिष्ठ उपरीक्षक कृष्ण प्रसाद कोइराला, गण्डकी प्रदेश प्रहरी तालिम केन्द्र पोखराका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक संजय सिंह थापा,कार्यसमितिका पदाधिकारीज्यूहरु, सिनियर प्रहरी अधिकृत तथा अन्य प्रहरी कर्मचारीहरुको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा महिला प्रहरी कर्मचारीहरु र प्रहरीका परिवार गरी जम्मा १९५ जनाले स्वास्थ्य परीक्षण गराई लाभान्वित हुनु भएको छ।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आफुले कमाउनु भन्दा कम खर्च गर्ने गर ।

– पल क्लिथेरोई

## सम्पादकीय

# संविधान प्रदत्त संचारको हक नखोज

जनआस्था' साप्ताहिक पत्रिकाका सम्पादक किशोर श्रेष्ठलाई प्रहरीले पक्राउ गरेपछि पत्रकार, राजनीतिक दल र नागरिक समाजले बिरोध गरेका छन । प्रेस काउन्सिलका पुर्व कार्यवाहक अध्यक्ष रहेका बरिस्ठ पत्रकार श्रेष्ठको जुन शैलीमा पक्राउ गरिएको छ त्यसले राज्य कसरी प्रतिशोध लागेको छ भन्ने देखिन्छ । राज्य सत्तामा रहेका र तिनको आडमा राज्य शक्तिको दुरुपयोग गर्नेका बारेमा समाचार प्रकाशित गरेको आधारमा पहिल्यैदेखि गिरफ्तारको प्रयास गरिएको थियो । साशकको नजरमा चाकडी गर्ने बाहेक उनिहरुका कर्तुत बाहिर ल्याउनेलाई ठिक पार्न गलत कानुनको सहारा लिने गर्छन । उनलाई व्यक्तिगत गोपनीयता उल्लंघनसम्बन्धि कसुरमा नियन्त्रणमा लिइएको पक्राउ पूर्जीमा उल्लेख छ ।

सञ्चारमाध्यममा आएका समाचारसम्बन्धी विवाद हेर्ने अर्धन्यायीक निकाय प्रेस काउन्सिल हुँदाहुँदै क्षेत्राधिकार मिचेर पक्राउ गरिएको भन्दैमा पत्रकारहरुले बिरोध जनाइरहेका छन् ।अन्तर्राष्ट्रिय संस्थाले पनि प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता बिरुद्ध नेपाल सरकारको गरेको हरकतको निन्दा गरेका छन । पत्रकार श्रेष्ठ सम्पादक रहेको जनआस्था साप्ताहिकले रास्वपाका एक विवाहित सांसदले परस्त्रीसँग चुम्बन गरेको तस्बिर प्रकाशित गरेको थियो ।

युवतीकै फेसबुकबाट सो तस्बिर लिएको दाबी श्रेष्ठको छ । यस्तै, उपसभामुख रुवीकुमारी ठाकुरको एक विवाहित व्यक्तिसँग सम्बन्ध रहेको भनेर अर्को समाचार पनि प्रकाशित गरेको छ । यसरी व्यक्तिको चरित्रसँग सम्बन्धित तस्बिर सञ्चार माध्यमले प्रकाशित गर्दा वैयक्तिक गोपनीयता सम्बन्धी कानून आकर्षित हुने प्रहरीले जाहेरीलाई आधार बनाएर दिएको पक्राउ पूर्जीमा उल्लेख गरिएको छ । जनआस्था साप्ताहिक तथा जनआस्था डटकमको कार्यालयबाट संचार उपकरण प्रहरीले लगेको छ । उनको घरबाट समेत संचार उपकरण र व्यक्तिका फोन, ल्यापटप, आइप्याड,लगायतका सामाग्री लगिएको छाउनको घरमा पटकपटक गएर खानतलासी र उपकरण लाने काम भएको छाबरिस्ठ पत्रकार श्रेष्ठको गिरफ्तारी विरुद्ध श्रीमती सरस्वती श्रेष्ठले बन्दीप्रत्यक्षीकरणको मुद्दा दायर गरेकी छन । सर्वोच्च अदालतले किशोर श्रेष्ठलाई भदौमा १ गते विहान १० बजेभित्र अदालतमा उपस्थित गराउन आदेश दिएको छ ।

नेपालको संविधानको धारा १९ मा सञ्चारको हक सम्बन्धी व्यवस्था छ । जसमा 'कुनै सामग्री मुद्रण वा प्रकाशन, प्रसारण गरे वा छापे बापत त्यस्तो सामग्री प्रकाशन, प्रसारण गर्ने वा छाप्ने उपकरण अन्य सञ्चार माध्यमलाई बन्द, जफत गरिने छैन' भन्ने प्रावधान राखिएको छ । प्रहरीले जनआस्थाका सम्पादक श्रेष्ठको घर र कार्यालयमा छापा मारेर केही कम्प्यूटरहरु बरामद गरेको छ । जुन काममाथि पत्रकारको हक अधिकारको वकालत गर्नेहरूले चर्को विरोध गरेका छन् । सञ्चारमाध्यमका कार्यालयबाट सामग्री र उपकरण जफत गरिनु संविधान विपरितको काम भन्दै कानून व्यवसायीहरूले सर्वोच्च अदालतको ध्यानाकर्षण गराएका थिए ।

त्यसैका आधारमा सर्वोच्च अदालतले पत्रकार श्रेष्ठको घर तथा कार्यालयबाट बरामद उपकरण र सामग्री सहित उपस्थित हुन प्रहरीलाई आदेश दिएको छ । बहसका क्रममा कानून व्यवसायीहरुले बरामद उपकरण र समग्रीमा सूचनाको स्रोतको पहिचान रहेको र त्यो खुलेमा स्रोतको गोपनीयता समेत संकटमा पर्ने भन्दै अदालतबाट उपकरण मगाउन र फिर्ता गराइदिन माग गरेका थिए । त्यसपछि सर्वोच्च अदालतले उपकरण झिकाउन आदेश दिएको हो । साशकका सनकको आधारमा पत्रकार पक्राउ गर्ने, मुद्दा लगाउने र विभिन्न प्रलोभनमा फसाउन खोज्ने तानाशाही र फासिस्टहरुको चरित्र हो । अहिलेको सरकारले राज्य संयन्त्र र संवैधानिक अंगलाई मुठ्ठीमा राखेर राजनीतिज्ञ, पत्रकार, राष्टसेवक, व्यवसायी, अधिकारकर्मी र नागरिक अगुवालाई पक्राउ गर्ने, मुद्दा लगाउने र मिडिया ट्रायल गराउदै आएको छ ।

लोकमानसिंह कार्की अख्तियारको प्रमुख भएको बेला वरिष्ठ अधिवक्ता शम्भु थापाको ल फर्ममा छापा मारेको घटनामा पनि सर्वोच्च अदालतले यस्तै आदेश गरेको थियो । राजस्व अनुसन्धान विभागले थापाको फर्मबाट कम्प्यूटर र कागजात लगेको थियो । मुद्दाका कागजात र मिसिलमा कानून व्यवसायीका पक्ष (मुद्दाका व्यक्ति)का कतिपय धारणा र वैयक्तिक विवरण समेत थिए । ती कागजात जफत गर्नु नागरिकको न्यायको हकको समेत बर्खिलाप हुने भनी कानून व्यवसायीहरूले प्रश्न उठाएपछि सर्वोच्च अदालतले कम्प्यूटर र कागजात फिर्ता गर्न आदेश गरेको थियो । संविधानप्रदत्त प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र नागरिक अधिकार कुण्ठित हुन नदिन सबैको खबरदारी र निरंकुशताविरुद्ध आन्दोलनमा ऐक्यबद्धता आवश्यक छ ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : सत्कार मिल्नेछ |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : शत्रुको भय | धनु | : सहयोग मिल्नेछ |
| ककर्ट | : कार्यमा सफलता | मकर | : ब्यापारमा लाभ |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : शारीरिक झमेला | मीन | : शुभ यात्रा |

**हरिसिद्दि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# धवलागिरिको घुम्ती शिविरबाट छ सय जना लाभान्वित

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३० साउन

म्याग्दीको धवलागिरि गाउँपालिकाले घुम्ती शिविर सञ्चालन गरेर ६०० जनाभन्दा बढी सर्वसाधारणलाई उनीहरू बसेकै ठाउँमा पुगेर सेवा उपलब्ध गराएको छ ।

काठमाडौँ, पोखरा र बेनीमा सञ्चालन भएको घुम्ती शिविरबाट ६०९ जना लाभान्वित भएका हुन् । काठमाडौँमा साउन २४ गते १००, पोखरामा साउन २७ र २८ गते ३५०, बेनीमा २ ९ र ३० गते सञ्चालन भएको शिविरबाट १५९ जनालाई सेवा उपलब्ध गराएको गाउँ कार्यपालिकाका प्रवक्ता देवेन्द्र रोकाले जानकारी दिनुभयो । सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको नामावली नवीकरण, जन्मदर्ता, नाताप्रमाणित, सिफारिस लगायत सेवा उपलब्ध गराउन घुम्ती शिविर लिएर बजार झरेका जनप्रतिनिधि र कर्मचारी जिल्ला सदरमुकाम बेनीको शिविर सम्पन्न गरेर आज गाउँ फर्किएका छन् ।

ज्येष्ठ नागरिक, अशक्त र असहायलाई लक्षित गरेर उनीहरू बसेकै ठाउँमा पुगेर सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको नामावली नवीकरण, जन्मदर्ता, नाता प्रमाणित र नागरिकताको सिफारिससम्बन्धी सेवा दिएको रोकाले बताउनुभयो ।

गाउँपालिकामा नाम भए पनि बजारमा बसोबास गर्ने ज्येष्ठ नागरिक, अशक्त, बिरामी लाभग्राहीलाई बर्खामा गाउँसम्म पुग्न कष्ट, झन्झट र दुःख हुने भएकाले जनप्रतिनिधि र कर्मचारी नै सहर झरेकाले सेवा प्राप्त गर्न सहज भएको छ । बेनीमा बस्दै आउनुभएकी धवलागिरि गाउँपालिका-३ मुनाकी मनरूपी गर्बुजाले बर्खाका समयमा गाउँमा रहेको वडा कार्यालयमा पुग्दा हुने समय र खर्चको बचतका साथै झन्झट हटेको बताउनुभयो ।

तातोपानीमा बसोबास गर्नुहुने धवलागिरि गाउँपालिका-४ मुदीकी ७५ वर्षीया जसिका पुनले ज्येष्ठ नागरिक र अशक्तलाई शिविरले राहत मिलेको बताउनुभयो । गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुन, उपाध्यक्ष रेशम पुनमगरसहित साथै सातवटै वडाका अध्यक्ष र सचिवहरूले शिविरमा सेवा दिनुभएको छ । धवलागिरिमा करिब तीन हजार जनालाई वार्षिक रु १० करोडभन्दा बढी सामाजिक सुरक्षा भत्ता वितरण हुने गरेको छ ।

सेवा, सुविधा र अवसरका लागि सहरबजारमा बसोबास गरे पनि औपचारिक रूपमा बसाइँसराइ गर्ने अवस्था नआओस भनेर घुम्ती शिविरमार्फत बसेकै ठाउँमा पुगेर सेवा उपलब्ध गराउने अभ्यास गरिएको गाउँपालिकाका अध्यक्ष पुनले बताउनुभयो ।

# पर्यटकीयस्थलमा विद्युत् सुविधा विस्तार

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३० साउन

अन्नपूर्ण गाउँपालिका-८ स्थित र्यटकीयस्थल आलडाँडामा केन्द्रीय प्रसारण लाइनको सुविधा विस्तार भएको छ ।

नेपाल विद्युत् प्राधिकरणले सञ्चालन गरेको 'उज्यालो म्याग्दी' कार्यक्रमअन्तरगत राम्चेदेखि आलडाँडासम्म प्रसारण लाइन विस्तार भएको हो ।

नेपाल विद्युत् प्राधिकरण म्याग्दी वितरण केन्द्रका प्रमुख सत्यनारायण गामीका अनुसार बिजुली नपुगेका मोहरेडाँडा, फूलबारी, डाँडाखर्क र कालीबराहमा शीघ्र विद्युत् विस्तार हुनेछ ।

मोहरेडाँडा, फूलबारी, डाँडाखर्क, कालीबराह र अन्नपूर्ण-धौलागिरि पर्यटकीय गन्तव्य हुन् ।

# भारतीय राजदूतावासमा मनाइयो स्वतन्त्रता दिवस

**रासस**
काठमाडौं, ३० साउन

भारतको ८०औँ स्वतन्त्रता दिवस यहाँस्थित भारतीय राजदूतावासमा विभिन्न कार्यक्रम गरी मनाइएको छ ।

'वन्दे मातरम्' गायनसँगै शुभारम्भ गरिएको उक्त समारोहमा नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले भारतको राष्ट्रिय झण्डा झण्डोत्तोलन गर्नुभएको थियो । समारोहमा भारतका राष्ट्रपति द्रौपदी मुर्मुले ८०औँ स्वतन्त्रता दिवसको पूर्वसन्ध्यामा राष्ट्रका नाममा गर्नुभएको सम्बोधन प्रसारण गरिएको थियो । सो अवसरमा राजदूत श्रीवास्तवले भारतीय सशस्त्र बलका दिवङ्गत ११ कर्मचारीका श्रीमती र निकटतम नातेदारलाई सम्मान गर्नुभएको थियो । उहाँले कुल रु आठ करोड २० लाखको एजीआइएफ (आर्मी ग्रुप इन्स्योरेन्स फन्ड) चेक हस्तान्तरण गर्नुभएको थियो । साथै स्वतन्त्रता दिवसको उपलक्ष्यमा दूतावासद्वारा आयोजित विविध प्रतियोगिताका विजेताहरूलाई सम्मान गरिएको थियो । दूतावासले नेपालका सातै प्रदेशका २२ शैक्षिक संस्था र पुस्तकालयका लागि पुस्तक अनुदानको पनि घोषणा गर्नुभएको थियो । यस पहलले शैक्षिक स्रोतहरूमा पहुँच बढाउने लक्ष्य राखेको छ ।

समारोहमा नेपालमा रहनुभएका भारतीय समुदायका सदस्यहरू, भारतका मित्रहरूका साथै दूतावासका अधिकारीहरू र उहाँहरूका परिवारजनको सहभागिता रहेको थियो । सो अवसरमा दूतावासस्थित स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रका शिक्षक तथा विद्यार्थीहरूले जीवन्त सांस्कृतिक प्रस्तुति तथा देशभक्तिपूर्ण गीतहरू पनि प्रस्तुत गरेका थिए ।

# भद्रकालीमा कक्षा ११ का विद्यार्थीहरूलाई भव्य स्वागत

**पोखरापत्र संवाददाता**
पोखरा, ३० साउन



विद्यालय केवल पठनपाठन गर्ने थलो मात्र होइन, यो सपनाहरूले आकार लिने साझा चौतारी पनि हो । जहाँ नयाँ विद्यार्थीहरू नयाँ उत्साह, नयाँ लक्ष्य र भविष्यका अनगिन्ती सम्भावनासहित प्रवेश गर्छन्। यही भावनालाई आत्मसात् गर्दै पोखरा महानगरपालिका-१३ स्थित भद्रकाली माध्यमिक विद्यालयले शैक्षिक सत्र २०८३ मा कक्षा ११ मा भर्ना भएका नयाँ विद्यार्थीहरूलाई शनिबार कक्षा १२ का विद्यार्थीले भव्य रूपमा स्वागत तथा सम्मान गरेको छ ।

विद्यालय परिसरमा आयोजित कार्यक्रममा नयाँ विद्यार्थीहरूको उपस्थितिले वातावरण झन् उत्साहपूर्ण बनेको थिया । विद्यार्थीहरूले प्रस्तुत गरेका विविध सांस्कृतिक कार्यक्रमले समारोहलाई थप आकर्षक बनाएको थियो। नृत्य, गायन र सांस्कृतिक प्रस्तुतिमार्फत विद्यार्थीहरूले आफ्नो कला र प्रतिभा प्रदर्शन गरेका थिए ।

कार्यक्रमका प्रमुख अतिथि तथा युनिभर्सिटी अफ क्यालिफोर्नियाका सहप्राध्यापक डा. ताराकान्त सिग्देलले विद्यार्थीहरूको प्रतिभाबाट आफू अत्यन्त प्रभावित भएको बताए। भद्रकाली विद्यालयकै पूर्वविद्यार्थी तथा पूर्वशिक्षकसमेत रहेका उनले आफ्ना अनुभवहरू सुनाउँदै विद्यार्थीहरूलाई समयअनुसार आफूलाई परिवर्तन गर्न सुझाव दिए। उनले विज्ञानको सिद्धान्तलाई उदाहरणका रूपमा प्रस्तुत गर्दै भने, "जसरी भौतिकशास्त्रमा शक्ति एक रूपबाट अर्को रूपमा परिवर्तन हुन्छ, त्यसरी नै विद्यार्थीहरूले पनि समय, परिस्थिति र चुनौतीअनुसार आफूलाई रूपान्तरण गर्दै सिकाइ प्रक्रियालाई सहज बनाउनुपर्छ ।"

प्रधानाध्यापक यदुराज पंगेनीले विद्यालयले विद्यार्थीहरूको शैक्षिक विकासका लागि कुनै पनि प्रकारको कमी हुन नदिने प्रतिबद्धता व्यक्त गरे। उनले गुणस्तरीय शिक्षा, अनुशासित वातावरण र विद्यार्थीमैत्री सिकाइ प्रणालीमार्फत विद्यालयलाई उत्कृष्ट शैक्षिक गन्तव्यका रूपमा स्थापित गर्ने लक्ष्य रहेको बताए ।

कक्षा १२ व्यवस्थापन संकायकी छात्रा क्रिस्टिना भुजेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सहायक प्रधानाध्यापक प्रदीप भण्डारी, प्लस टु संयोजक उपेन्द्र सुवेदी र विज्ञान समूहका संयोजक पीताम्बर अर्यालले नयाँ विद्यार्थीहरूलाई प्रोत्साहन प्रदान गरेका थिए । त्यसैगरी, विद्यालय व्यवस्थापन समितिका सदस्य देवीप्रसाद सुवेदी र शिक्षक-अभिभावक संघकी अध्यक्ष हरिकला श्रेष्ठले नयाँ विद्यार्थीहरूको शैक्षिक यात्रा सफल, सिर्जनशील र उपलब्धिमूलक बन्ने विश्वास व्यक्त गर्दै शुभकामना दिएका थिए । कार्यक्रमको अर्को विशेष आकर्षण सांस्कृतिक प्रस्तुति बन्यो। कक्षा ११ का विद्यार्थीहरूलाई स्वागत गर्न अंकिता परियार र उनको समूहले स्वागत नृत्य प्रस्तुत गरेका थिए। त्यसैगरी गरिमा गुरुङ, अस्मिता मकरान्ती, रविना नेपाली, निशा गुरुङ र जेनिसा गुरुङको समूहले प्रस्तुत गरेका आकर्षक नृत्यहरूले सबैको मन जितेका थिए । गायनतर्फ शिशिका थापा मगर, काजल पराजुली र निशा चौधरीले आफ्नो मधुर स्वरमार्फत कार्यक्रमलाई थप जीवन्त बनाएका थिए। रिमिक्स गीतहरूमा गरिएको सामूहिक नृत्यले विद्यालय परिसरलाईउत्साहरउमंगलेभरिएको थियो । नयाँ शैक्षिक यात्राको सुरुवातसँगै आयोजित यो स्वागत कार्यक्रमले विद्यार्थीहरूमा आत्मविश्वास, उत्साह र विद्यालयप्रतिको अपनत्वको भावना अझ बलियो बनाएको सहभागीहरूले बताएका छन्। भद्रकाली माध्यमिक विद्यालयले आयोजना गरेको यो कार्यक्रमले शिक्षा केवल पाठ्यपुस्तकमा सीमित नभई प्रतिभा, सिर्जनशीलता र संस्कृतिसँग पनि जोडिएको सन्देश दिएको छ ।

# गुफा क्षेत्र संरक्षण संस्थाको अध्यक्षमा एकराज चयन

**पोखरापत्र संवाददाता**
पोखरा, ३० साउन



गुफा क्षेत्र संरक्षण तथा सामुदायिक विकास संस्था, पोखराको अध्यक्षमा एकराज नेपाली चयन भएका छन् ।

संस्थाको शनिबार पोखरामा सम्पन्न छैंटौं अधिवेशनले नेपालीको अध्यक्षतामा १३ सदस्यीय समिति गठन गरेको हो । समितिको उपाध्यक्षमा प्रेम तिमिल्सीना, सचिवमा ईश्वरी नेपाली, सहसचिवमा हरि बस्नेत र कोषध्यक्षमा सुनिल बस्नेत चयन भए । सदस्यहरुमा सुशान्त बस्नेत, अमर चर्मकार, नानी परियार र मनकला नेपाली छन् । बाँकी चार जना सदस्य समितिले मनोनित गर्ने अध्यक्ष नेपालीले जानकारी दिए । यसअघि अधिवेशनको उद्घाटन गर्दै पोखरा १६ का वडाध्यक्ष अमृत शर्मा तिमिल्सीनाले पोखरा प्राकृतिक र सांस्कृतिक सम्पदाले भरिपुर्ण रहेको बताउँदै, यस्ता सम्पतिको संरक्षणमा सबै पक्ष जिम्मेवार हुनुपर्नेमा जोड दिए । उनले महेन्द्र गुफाको विकासका लागि प्रदेश सरकारले ठुलो सहयोग गरेको भन्दै, निर्मित संरचना संचालनका लागि पनि स्थानीय संघ संस्थाको समन्वय आवश्यक रहेको बताए । गण्डकीका जनस्वास्थ्य प्रमुख रमेशराज अधिकारीले यस क्षेत्रका सम्पदाको संरक्षण तथा प्रवर्द्धनमा संस्था क्रियाशील हुनुपर्नेमा जोड दिए । संस्थाका संस्थापक अध्यक्ष गोविन्दबहादुर बस्नेतले माथिल्लो पोखरा क्षेत्रमा रहेका सम्पदाको संरक्षण र विकासको हेतुले संस्था गठन भएको स्पष्ट पार्दै, यस क्षेत्रको पर्यटन विकासमा स्वयं पर्यटनसँग सम्वन्धित सरकारी तथा निजी संस्थाको ध्यान जान नसकेको गुनासो गरे । संस्थाका अध्यक्ष अनिल बस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा स्वत स्फुर्त रुपमा सरसफाई अभियान चलाएका जेष्ठ नागरिक आईतसिंह तामाङलाई सम्मान गरिएको छ । उनलाई वडाध्यक्ष तिमिल्सीना र अध्यक्ष बस्नेतले सम्मान गरे । कार्यक्रममा वडा सदस्य मञ्जु बस्याल, नमुना क्लवका अध्यक्ष मिनबहादुर गुरुङ, मानव अधिकारका लागि एकल महिला समुहका अध्यक्ष दुर्गा केसी थापा, समाजसेवी कृष्णप्रसाद अधिकारी, सन्दीप थापा, पत्रकार यदुनाथ बञ्जरालगायतले महेन्द्र गुफा सौन्दर्यकरण अर्न्तगत निर्माण भएका संरचना संचालनका लागि ध्यानाकर्षण गराएका छन् ।

गण्डकी प्रदेश सरकारको करिब ८ करोड सहयोगमा त्यहाँ बिभिन्न संरचना निर्माण भएका छन् । निर्माण सम्पन्न भएको २ बर्ष बितिसक्दा पनि ति संरचना संचालनमा आउन नसकेकोप्रति सहभागीले असन्तुष्टि जनाएका थिए । उनीहरुले संरक्षणको अभावमा प्रदेश सरकारको लगानी खेर गएको र संरचना जीर्ण बन्नेतर्फ ध्यान दिन सुझाव दिएका छन् । संस्थाका उपाध्यक्ष एकराज नेपालीले स्वागत गरेको कार्यक्रमको संचालन सचिव प्रेम तिमिल्सीनाले गरेका थिए ।

# एसियाली खेलकुदमा काताबाट पदकको सम्भावना बलियो बनाउँदै नेपाल

**रासस**
काठमाडौं, ३० साउन

आगामी २०औँ एसियाली खेलकुदमा करातेको काता विधाबाट पनि नेपालले पदकको आशा गरेको छ ।

जापानको आइची-नागोयामा आगामी असोज ३ गतेदेखि हुने एसियाली खेलकुदमा नेपालले महिला एकल र महिला टिम कातामा प्रतिस्पर्धा गर्दैछ ।

नेपाल कराते महासङ्घका अनुसार महिला एकल कातामा सानुमाया थिङ तथा टिम कातामा सानुमायासँगै मेघा लिम्बू र एलिसा रास्कोटी मगरले प्रतिस्पर्धा गर्नेछन् । काता प्रशिक्षक मण्डेकाजी श्रेष्ठको प्रशिक्षणमा टोलीले तयारी गरिरहेको छ ।

नेपालले पहिलोपटक महिला टिम कातामा एसियाली खेलकुदमा प्रतिस्पर्धा गर्न लागेको हो । राष्ट्रिय खेलकुद परिषद्का अनुसार 'मिसन २०२६' अन्तर्गत एसियाली खेलकुदलाई लक्षित गरी लामो समयदेखि बन्द प्रशिक्षण सञ्चालन हुँदै आएको छ । परिषद् र नेपाल ओलम्पिक कमिटीले एसियाली खेलकुदका लागि नेपाली टोलीको अन्तिम तयारी र व्यवस्थापनमा सहकार्य गरिरहेका छन् ।

# माया गुरुङ सांगीतिक साँझ सफल बनाउन लमजुङका संघसंस्थाको प्रतिबद्धता

**पोखरापत्र संवाददाता**
लमजुङ, ३० साउन

लमजुङ सदरमुकाम बेँसीशहरमा आगामी असोज १० गते आयोजना हुने 'माया गुरुङ सांगीतिक साँझ-२०८३' लाई सफल बनाउन जिल्लाका विभिन्न संघसंस्थाले सामूहिक प्रतिबद्धता जनाएका छन् । राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान नेपाल, जिल्ला कार्यसमिति लमजुङको आयोजनामा हुने सांगीतिक साँझबारे शनिबार जिल्ला समन्वय समितिको सभाहलमा आयोजित अन्तरक्रिया तथा छलफल कार्यक्रममा सहभागी संघसंस्थाका प्रतिनिधिले कार्यक्रमलाई जिल्लाकै साझा सांस्कृतिक अभियानका रूपमा अघि बढाउने प्रतिबद्धता जनाएका हुन् ।



कार्यक्रममा बेँसीशहर नगरपालिका-२ का वडाध्यक्ष मदनबहादुर राना, वडा नं. ८ का वडाध्यक्ष पवित्रा थापा राना, नगर कार्यपालिका सदस्य कल्पना थापा बोहरा, नेपाल आदिवासी जनजाति महासंघ जिल्ला समिति लमजुङका अध्यक्ष रामकुमार श्रेष्ठ, नेपाल घरेलु तथा साना उद्योग महासंघ लमजुङका अध्यक्ष श्रीकृष्ण लामिछाने, ठाडो भाका लोक कला प्रतिष्ठान लमजुङका अध्यक्ष नवराज पहाडीलगायतले कार्यक्रम सफल बनाउन सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

यस्तै, तमू ह्युला छोंज धीं गुरुङ राष्ट्रिय परिषद् लमजुङका सचिव गणेश गुरुङ, नेपाल तामाङ घेडुङ बेँसीशहरका अध्यक्ष होमलाल तामाङ, महिला घेडुङकी अध्यक्ष हसमाया तामाङ, नगर महिला सञ्जाल बेँसीशहरकी अध्यक्ष मीना बस्नेत रावल, महिला सञ्जाल वडा नं. १० की अध्यक्ष सूर्यकला थापा, तमु कल्याण समाज आमा समूहकी अध्यक्ष खिमा गुरुङ, प्रकृति नारी समाजकी पूर्वअध्यक्ष कमला केसी, फूलबारी दिदीबैनी समूहकी अध्यक्ष खातुन मियालगायतको सहभागिता थियो । कार्यक्रम संयोजक अनुज अधिकारीले सांगीतिक साँझको उद्देश्य, तयारी र अपेक्षित उपलब्धिबारे जानकारी गराउँदै कार्यक्रमलाई मनोरञ्जनमा मात्र सीमित नराखी लमजुङको कला, संस्कृति र मौलिकताको उत्सवका रुपमा अघि बढाउन लागिएको बताउनुभयो । उहाँका अनुसार नेपाली लोक तथा दोहोरी गीत-संगीतको संरक्षण, प्रवर्द्धन र विकाससँगै अग्रज कलाकारको सम्मान तथा कलाकारको कल्याणका लागि कार्यक्रम आयोजना गर्न लागिएको हो । कार्यक्रमबाट बचत हुने रकमबाट राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान लमजुङको मातहतमा कलाकार कल्याणकारी कोष स्थापना गर्ने लक्ष्य राखिएको छ ।वि.सं. २०२० असार २९ गते लमजुङको बेँसीशहर नगरपालिका-५, नाल्मामा जन्मिनुभएकी वरिष्ठ लोकगायिका माया गुरुङको वास्तविक नाम देवीमाया थापा गुरुङ हो । वि.सं. २०४० को दशकदेखि नेपाली लोकसंगीतमा निरन्तर योगदान दिँदै आउनुभएकी गुरुङ 'गाउँशहरमा लमजुङ दरबार' लगायतका गीतमार्फत राष्ट्रियस्तरमा परिचित हुनुहुन्छ । 'सैलुङ डाँडा', 'डाँडैको देवी देउराली', 'दूधको भारा', 'सम्झनालाई जाले रुमाल', 'नाल्मा डाँडा गाउँ', 'फलेसाँघु बजार', 'आइदेउ सुखी-लाइदेउ पिरती', खोली रसायोलगायत उहाँका गीत लोकप्रिय छन् । वि.सं. २०४५ मा रेडियो नेपालले आयोजना गरेको अञ्चलव्यापी खुला लोकगीत प्रतियोगितामा प्रथम हुँदै उहाँले स्वर्ण पदक प्राप्त गर्नुभएको थियो ।

रेडियो नेपालबाट विशिष्ट श्रेणीको कलाकार प्रमाणपत्र प्राप्त गर्नुभएकी गुरुङलाई 'गाउँशहरमा लमजुङ दरबार' गीतका लागि सदावहार स्रष्टा सम्मानसमेत प्रदान गरिएको थियो । उहाँलाई वि.सं. २०७८ वैशाख १ गते तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीबाट प्रबल जनसेवा श्री चतुर्थबाट सम्मान गरिएको थियो । उहाँका करिब एक सयभन्दा बढी गीत र विभिन्न एल्बम प्रकाशित छन् । गण्डकी प्रज्ञा प्रतिष्ठानले पनि उहाँको सांगीतिक योगदानको कदर गर्दै सम्मान गरिसकेको छ। आयोजकले माया गुरुङको सम्मानमा आयोजना हुने सांगीतिक साँझले उहाँको लामो सांगीतिक यात्रालाई नयाँ पुस्तासँग जोड्ने विश्वास व्यक्त गरेको छ । कार्यक्रममा देशभरबाट कलाकार, स्रष्टा, संगीतकर्मी, कला-संस्कृतिप्रेमी, स्थानीयवासी साथै लमजुङ बाहिर रहेका शुभेच्छुकको सहभागिता रहने अपेक्षा गरिएको छ। कार्यक्रममा करिब ५ हजार दर्शकको प्रत्यक्ष सहभागिता गराउने लक्ष्य राखिएको छ । वरिष्ठ लोकगायिका गुरुङले आफ्ना लोकप्रिय तथा कालजयी गीत प्रस्तुत गर्नुहुनेछ भने देशका विभिन्न स्थानबाट कलाकारको समेत सहभागिता रहने आयोजकले जनाएको छ । कार्यक्रमलाई सञ्चारमाध्यम, एफएम रेडियो, टेलिभिजन तथा सामाजिक सञ्जालमार्फत प्रचारप्रसार तथा प्रत्यक्ष प्रसारण गर्ने तयारी भइरहेको छ । कार्यक्रमले लमजुङलाई लोककला, लोकसंगीत तथा सांस्कृतिक पर्यटनको गन्तव्यका रुपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा चिनाउन र आन्तरिक पर्यटन प्रवर्द्धनमा समेत योगदान पुग्ने आयोजकको अपेक्षा छ । कार्यक्रम असोज १० गते शनिबार बेँसीशहरस्थित फूलबारी मञ्चमा अपराह्न ४ बजेदेखि साँझ ८ बजेसम्म सञ्चालन हुनेछ । आयोजकले कार्यक्रमको प्रचारप्रसार, प्राविधिक तथा सामग्री सहयोग, स्वयंसेवी सेवा, संस्थागत सहकार्यलगायतका माध्यमबाट सहयोग गर्न सबै पक्षलाई आह्वान गरेको छ । कार्यक्रममा धन्यवाद ज्ञापन राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान नेपाल, जिल्ला कार्यसमिति लमजुङका अध्यक्ष प्रशान्त तामाङले गर्नुभएको थियो । कार्यक्रमको सञ्चालन माया गुरुङ सांगीतिक साँझ-२०८३ सचिवालय संयोजक आश गुरुङले गर्नुभएको थियो ।

# पोखरामा भारतीय स्वतन्त्रता दिवस मनाइयो

**पोखरापत्र संवाददाता**
पोखरा, ३० साउन

भारतीय दुतावास, पेन्सन वितरण कार्यालय पोखराले भारतको ८० औं स्वतन्त्रता दिवसविविध सांस्कृतिक तथा औपचारिक कार्यक्रमका साथ मनाएको छ ।



कार्यक्रमको शुभारम्भ पेन्सन वितरण कार्यालय पोखराका प्रमुख लेफ्टिनेन्टकर्नलचितरञ्जनसाहुले भारतीय राष्ट्रिय ध्वज फहराएर गरेका थिए। समारोहमा नेपाल र भारतका विभिन्न परम्परागत तथा सांस्कृतिक नृत्य प्रस्तुत गरिएका थिए । नृत्य तथा सांस्कृतिक प्रस्तुतिले दुई देशबीचको ऐतिहासिक, सांस्कृतिक तथा सामाजिक सम्बन्ध र आपसी एकताको सन्देश दिएको थियो ।

स्वतन्त्रता दिवसको अवसरमा नेपाल-भारत मैत्री विद्यालय, पोखराका उत्कृष्ट अंक हासिल गरेका तथा जेहेन्दार विद्यार्थीहरूलाई सम्मान गरिएको थियो । पोखराका प्रतिष्ठित शिक्षाविद् जर्ज जोन तथा ब्रिटिश आर्मीका पूर्व कर्नल जे.बी. क्रसले विद्यार्थीहरूलाई पुरस्कार, पदक तथा सम्मानपत्र प्रदान गरिएको थियो। समारोहमा गण्डकी प्रदेशका विभिन्न क्षेत्रका लब्धप्रतिष्ठित व्यक्तित्व, भूपू सैनिक, तिनका सन्तति तथा पोखरामा बसोबास गर्दै आएका भारतीय मूलका नागरिकहरूको उल्लेख्य सहभागिता रहेको थियो।कार्यक्रमपछिठूलोसंख्यामा उपस्थित भूपू सैनिक, तिनका सन्तति तथा भारतीय मूलका नागरिकहरूका लागि जलपानको समेत व्यवस्था गरिएको पब्लिक रिलेशन अफिसर भुषण पाण्डेले जानकारी दिए । भारतले सन् १९४७ अगस्ट १५ मा लामो ब्रिटिश औपनिवेशिक शासनबाट मुक्ति पाएको सम्झनामा प्रत्येक वर्ष स्वतन्त्रता दिवस मनाउँदै आएको छ । यो दिन भारतीय जनताको आत्मनिर्णयको अधिकार, सार्वभौमसत्ता, लोकतन्त्र र स्वतन्त्रताको प्रतीकका रूपमा लिइन्छ।

स्वतन्त्रता आन्दोलनमा योगदान पुऱ्याउने महात्मा गान्धी, भगत सिंह, सुभाषचन्द्र बोस लगायतका अनगिन्ती स्वतन्त्रता सेनानीको संघर्ष र बलिदानलाई यस अवसरमा स्मरण गरिन्छ । पोखरामा आयोजना हुने यस्ता कार्यक्रमले भारत-नेपालबीचको ऐतिहासिक, सांस्कृतिक तथा सामाजिक सम्बन्धलाई थप सुदृढ बनाउनुका साथै भूपू सैनिक तथा उनीहरूका परिवारको योगदानको सम्मान गर्न महत्वपूर्ण भूमिका खेल्दै आएका छन् ।

# कलश सहकारीको कर्मचारी अभिमुखीकरण कार्यक्रम सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ३० साउन

कलश बचत तथा ऋण सहकारी संस्था लिमिटेडको कर्मचारी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।

कर्मचारीको कार्यक्षमता, सकारात्मक सोच, व्यवहार तथा जीवनशैलीमा सुधार ल्याउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो।

कार्यक्रममा रेडियो अन्नपूर्ण ९३.४ मेगाहर्जका स्टेशन म्यानेजर तथा सहजकर्ता सन्जयकुमार मल्लले "सकारात्मक सोच र जीवनशैली" विषयमा सहजीकरण गरेका थिए। मल्लले सकारात्मक सोच भनेको समस्या नभएको अवस्था नभई समस्या र चुनौतीबीच पनि समाधान खोज्ने दृष्टिकोण भएको बताए । उनले व्यक्तिगत जीवनसँगै कार्यस्थलमा सकारात्मक सोच, सकारात्मक बोली, सकारात्मक व्यवहार र सहकार्यको संस्कार विकास गर्नुपर्नेमा जोड दिए । उनले सकारात्मक वातावरण, अनुशासन, असल सम्बन्ध, आत्मविश्वास र निरन्तर सिकाइलाई सफल



जीवन तथा पेशागत विकासका आधारका रूपमा प्रस्तुत गरेका थिए । कार्यक्रममा संस्थाका अध्यक्ष सुदिप अधिकारीले सकारात्मक सोच र व्यवहार कर्मचारीको व्यक्तिगत विकाससँगै संस्थाको संस्कार निर्माणका लागि पनि महत्वपूर्ण हुने बताए। उनले कर्मचारीले आफ्नो कामलाई केवल जिम्मेवारीका रूपमा मात्र नभई संस्था, सेवाग्राही र समाजप्रतिको योगदानका रूपमा बुझ्न सके कार्यप्रतिको उत्साह र उत्पादकत्व बढ्ने बताए । संस्थाका कोषाध्यक्ष एकराज गिरीले सकारात्मक सोचलाई व्यवहारमा उतार्न सके कार्यस्थलमा आपसी विश्वास, सहकार्य र सेवाको गुणस्तर बढ्ने बताए । उनले आर्थिक संस्थामा काम गर्ने कर्मचारीमा जिम्मेवारी, इमानदारी र सकारात्मक व्यवहार अझ महत्वपूर्ण हुने उल्लेख गरे।

त्यस्तै, संस्थाकी व्यवस्थापक बिनिता अधिकारीले सकारात्मक कार्य वातावरण निर्माण गर्न कर्मचारीबीच आपसी सम्मान, सहयोग र खुला संवाद आवश्यक रहेको बताइन् ।

कार्यक्रममा संस्थाको कर्मचारीहरु झरना तिवारी, मनिषा तिवारी, आयुष घर्ति, यशोदा तिवारी, विष्णुमाया गिरी लगायतको सहभागिता रहेको थियो । कार्यक्रममा सकारात्मक सोच, कार्यप्रतिको दृष्टिकोण, व्यवहार, सहकार्य, अनुशासन तथा व्यक्तिगत जीवनशैलीका विषयमा अन्तरक्रिया र प्रेरणादायी प्रसंगसमेत प्रस्तुत गरिएको थियो।

# ग्यास वितरणको अनुगमन गर्न 'द्रुत प्रतिकार्य टोली' गठन

**पोखरापत्र संवाददाता**
दमौली, ३० साउन

जिल्लामा ग्यास वितरण प्रणालीको प्रभावकारी अनुगमन तथा निरीक्षणका लागि सहायक प्रमुख जिल्ला अधिकारी दीपक रेग्मीको संयोजकत्वमा द्रुत प्रतिकार्य टोली गठन गरिएको छ।

जिल्ला प्रशासन कार्यालयद्वारा गठित टोलीमा रेग्मीसहित नेपाल प्रहरीका अधिकृत प्रतिनिधि, उद्योग वाणिज्य सङ्घ तनहुँका प्रतिनिधि, सम्बन्धित स्थानीय तहका अधिकृत प्रतिनिधि सदस्य रहनेछन् भने एकीकृत सेवा कार्यालय तनहुँका अधिकृत प्रतिनिधि सदस्य सचिव रहने व्यवस्था गरिएको छ। टोलीले ग्यास वितरणसम्बन्धी व्यवस्थाको नियमित छड्के अनुगमन तथा गुनासोका आधारमा लक्षित क्षेत्रमा निरीक्षण गर्ने प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीले बताउनुभयो । अनुगमनका क्रममा गम्भीर लापरबाही वा कानुन उल्लङ्घन गरेको भेटिएमा प्रचलित कानुनअनुसार ग्यास भण्डारणस्थल सिल गर्ने, बढी मौज्दात फिर्ता गर्न लगाउने, दर्ता पुस्तिका तथा अभिलेख जाँच गर्ने र जरिवानासमेत गरिने उहाँले जानकारी दिनुभयो।

ग्यासको वितरणलाई व्यवस्थित र पारदर्शी बनाउन जिल्ला प्रशासन कार्यालयले नयाँ व्यवस्थासमेत लागू गरेको छ । प्रशासनले एक परिवारलाई एकपटकमा एक सिलिण्डर मात्रै ग्यास वितरण गर्नुपर्ने व्यवस्था लागू गर्दै डिलरदेखि खुद्रा विक्रेतासम्मको कारोबारमा कडाइ गरेको हो । ग्यासको वितरणमा हुने अनियमितता, कृत्रिम अभाव तथा बढी मौज्दात नियन्त्रण गर्न यस्तो व्यवस्था गरिएको प्रजिअ तिवारीले बताउनुभयो । "नयाँ व्यवस्थाअनुसार ग्यास डिलरले अब आफैँ सिलिण्डर बिक्री गर्न पाउने छैनन् । डिलरले उपडिलर तथा थोक विक्रेतामार्फत ग्यास वितरण गर्नुपर्नेछ । कुन उपडिलर वा थोक विक्रेतालाई कति परिमाणमा ग्यास पठाइएको हो भन्ने विवरण कम्पनीको नाम, ठेगाना र परिमाणसहित डिलरको परिसरमा सार्वजनिक गर्नुपर्नेछ । उक्त विवरण जिल्ला प्रशासन कार्यालयलाई उपलब्ध गराउनुपर्ने छ", उहाँले भन्नुभयो । त्यस्तै, डिलरले उद्योगबाट प्राप्त ग्यासको दैनिक मौज्दात विवरण जिल्ला प्रशासन कार्यालयमा बुझाउनुपर्नेछ । उपडिलर तथा थोक विक्रेताले आफूले प्राप्त गरेको ग्यास यसअघि पठाउँदै आएका खुद्रा पसलमा पठाउनुपर्ने र कुन खुद्रा विक्रेतालाई कति सिलिण्डर पठाइएको हो भन्ने विवरण ठेगानासहित आफ्नो परिसरमा सबैले देख्ने गरी सार्वजनिक गर्नुपर्ने तिवारीले बताउनुभयो । उहाँका अनुसार प्रशासनले उपभोक्ताका लागि समेत स्पष्ट व्यवस्था गरेको छ । खुद्रा विक्रेताले ग्यास वितरण गर्दा एक परिवारलाई एक सिलिण्डर मात्रै उपलब्ध गराउनुपर्नेछ । ग्यास लिन आउने ग्राहकको पहिचान गरी निजले यसअघि ग्यास कहिले लगेको भन्ने विवरणसमेत हेर्नुपर्ने व्यवस्था गरिएको छ । खुद्रा विक्रेताले ग्राहकको नाम, ठेगाना र सम्पर्क नम्बर दर्ता पुस्तिकामा अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने व्यवस्था गरिएको छ। सहरमा कोठा भाडामा लिएर बस्ने विद्यार्थी तथा अन्य परिवारले पनि आफ्नो परिवारका लागि एक सिलिण्डर मात्रै लिनुपर्नेछ भने एउटा सिलिण्डर लिएपछि अर्को सिलिण्डरका लागि पालो पर्खनुपर्ने र एकभन्दा बढी सिलिण्डर मौज्दात राख्न नपाइने प्रशासनले जनाएको छ। उपभोक्ताको मागका आधारमा खुद्रा तथा थोक विक्रेताले माग सङ्कलन गर्नुपर्नेछ भने सङ्कलित मागका आधारमा डिलरमार्फत आवश्यक परिमाण निर्धारण गरी ग्यास आपूर्ति गर्ने उद्योग र जिल्ला प्रशासन कार्यालयमा विवरण पठाउनुपर्ने व्यवस्था गरिएको छ।

# म्याग्दीमा एकीकृत कार्यालय व्यवस्थापन प्रणाली सुरु

**पोखरापत्र संवाददाता**
बेनी, ३०साउन

बेनीस्थित खानेपानी, जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयले जिल्लामै पहिलो पटक विद्युतीय माध्यमबाट एकीकृत कार्यालय व्यवस्थापन प्रणाली कार्यान्वयनमा ल्याएको छ।

सङ्घीय सरकारले अघि सारेको शासकीय सुधारका कार्यक्रमअन्तर्गत गण्डकी प्रदेश सरकारमातहतखानेपानी, जलस्रोत तथा सिचाई विकास डिभिजन कार्यालय डिजिटल प्रविधिलाई कार्यान्वयनमा ल्याउने यो कार्यालय पहिलो बनेको हो।

कार्यालयको प्रशासनिक कार्यसम्पादनमा गुणात्मक सुधार, कागजी प्रक्रियामा कमी ल्याउने, अभिलेख व्यवस्थापन थप सुरक्षित र व्यवस्थित हुने, कार्य सम्पादनको अनुगमन तथा जवाफदेहिता अभिवृद्धि हुने तथा सेवा प्रवाहलाई थप छिटो, सरल र प्रभावकारी बनाउन सहयोग पुगेको कार्यालयका प्रमुख सिनियर डिभिजनल इन्जिनियर झलकमोहन ओझाले बताउनुभयो । "तोक आदेश तथा टिप्पणी निर्णय, चिठीपत्रको दर्ता तथा चलानी, हाजिरी बिदा र काज स्वीकृत,अभिलेख व्यवस्थापनलगायतका कार्यहरु डिजिटल प्रविधिबाट मार्फत थालिएको छ," उहाँले भन्नुभयो, "यो प्रणाली लागू गरेपछि कार्यालयको कामकाजलाई एउटै सूचनाप्रविधिप्रणालीमार्फत सरल, सहज, छिटो, छरितो, मितव्ययी, पारदर्शी र प्रभावकारी हुने विश्वास लिएका छौ ।" एकिकृत कार्यालय ब्यवस्थापन प्रणाली सुरु गर्नुअघि यही साउन दोस्रो हप्ता गण्डकी प्रदेश सरकारको उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयले कर्मचारीलाई प्रशिक्षण दिएको थियो।

मन्त्रालयले अबको दुई महिनाभित्र प्रदेशका ११ वटै कार्यालयमा एकीकृत कार्यालय ब्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने तयारी गरेको मन्त्रालयका प्रशासन महाशाखाका प्रमुख उपसचिव लक्ष्मीभद्र वाग्लेले बताउनुभयो।


## बालमन्दिर माध्यमिक विद्यालय
### अन्नपूर्ण कांडे, कास्की

## खाद्यान्न सामग्री सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/04/३१**

यस विद्यालयको छात्राबासमा रहेका विद्यार्थीहरुलाई खाजा, खाना खुवाउन आवश्यक खाद्यान्न सामग्री आपूर्ति गर्नुपर्ने भएकाले सम्बन्धित इच्छुक आपूर्तिकर्ताहरुबाट यो सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

संलग्न गर्नुपर्ने कागजातहरु:
१. व्यवसाय दर्ता तथा नवीकरण भएको कागजात
२. कर चुक्ता प्रमाणपत्र (आ.व. २०८१/०८२)

शिलबन्दी दरभाउपत्र लाहाछाप लगाई कम्पनी वा फर्मको छाप र दस्तखत अनिवार्य भएको हुनुपर्ने ।

नोटः खाद्यान्नको सूची र प्रकार विद्यालयबाट उपलब्ध हुनेछ । खाद्यान्नको दरभाउ उल्लेख गर्दा कुन ब्राण्ड वा गुणस्तरको हो सो समेत कैफियतमा खुलाउनुपर्नेछ ।

सम्पर्कः ९८५६०११७९९